संघीय संसद्

# राष्ट्रिय सभा

छैठौं अधिवेशन

बैठक - ०४

## सूचना पत्र - २

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७७ वैशाख ३१ गते बुधबार

---

संघीय संसद्, राष्ट्रिय सभाको **छैठौं अधिवेशन**को **चौथो बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा **बिहान ११:०० बजे** प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले **"शून्य समय"** मा बोल्नका लागि निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

**मा. अनिता देवकोटा**ले लिपुलेकमा भारतले बाटो खनेकोबारे प्रधानमन्त्रीले जानकारी नभएको भन्ने विषयको सत्यतथ्य सार्वजनिक गर्नुपर्ने माग गर्नुहुँदै भरतपुर कोरोना अस्पतालमा भएको चोरीको छानबिन गर्नुपर्ने माग गर्नुभयो ।

**मा. इन्दु कडरिया**ले नेपाल र भारतबीच खुला सीमामा काँडेतार लगाउनुपर्ने माग गर्नुहुँदै सोको लागि उहाँले एक वर्षको तलब समेत प्रदान गर्ने उद्घोष गर्नुभयो ।

**मा. उदया शर्मा/पौडेल**ले सीमानाको रक्षा र सार्वभौमसत्ता तथा भौगोलिक अखण्डतालाई अक्षुण्ण राख्नुपर्नेमा जोड दिनुभयो ।

**मा. कविता बोगटी**ले भारतीय विस्तारवादको घोर भर्त्सना गर्नुहुँदै सीमानामा काँडेतार लगाउनुपर्ने माग गर्नुभयो ।

**मा. कोमल वली**ले व्यवस्थित रूपमा मात्र भारतबाट नेपाली नागरिकलाई भित्र्याउनुपर्ने बताउनु हुँदै कोरोना संक्रमित समुदाय तथा क्षेत्रलाई "सिल" गर्नुपर्ने माग गर्नुभयो ।

**मा. गंगा कुमारी बेलबासे**ले लिम्पियाधुरा सहितको भूभाग समेटेर नक्सा सार्वजनिक गर्नुपर्ने माग गर्नुभयो ।

**मा. तारादेवी भट्ट**ले दशगजा क्षेत्रमा अलपत्र परेका नेपाली नागरिकहरूको उचित व्यवस्थापन गर्नुपर्ने बताउनु हुँदै खाडी मुलुकमा रहेका नेपाली नागरिकको अवस्थाबारे सरकारले जानकारी लिनुपर्ने माग गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **शून्य समय**मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु हुँदै **विशेष समय**मा बोल्नका लागि दलीय आधारमा निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

**मा. खिमलाल भट्टराई**ले स्वास्थ्य पूर्वाधारको सुदृढीकरण गर्दै अगाडि बढ्नुपर्ने, सीमा विवाद समाधानका लागि उच्च कूटनीतिक पहल गर्नुपर्ने, दक्षिणी सीमानामा काँडेतार लगाउनुपर्ने र लिम्पियाधुरालाई समेटेर नयाँ नक्सा सार्वजनिक गर्नुपर्नेमा जोड दिनुभयो ।

**मा. रमेश जंग रायमाझी**ले सीमा मिचिएको विषयलाई लिएर प्रदर्शनमा उत्रिएका नेपाली नागरिकलाई प्रहरी प्रयोग गरी डण्डा लगाउनु अनुचित भएको बताउनु हुँदै माननीय सुरेन्द्र यादवको अपहरण प्रकरणमा संलग्नलाई उचित कारवाही हुनुपर्ने माग गर्नुभयो ।

**मा. भैरव सुन्दर श्रेष्ठ**ले बजेटमा स्वास्थ्य पूर्वाधारको निर्माणमा विशेष जोड दिनुपर्ने माग गर्नुहुँदै सुगौली सन्धि अनुसार नेपालको भूभाग कायम गर्न नेपाल सरकार समक्ष अनुरोध गर्नुभयो ।

**मा. माया प्रसाद शर्मा**ले दशगजामा रहेका नेपाली नागरिकहरूको जाँच गरी देशभित्र ल्याई सुरक्षितसाथ क्वारेन्टाइनमा राख्नुपर्ने माग गर्नुभयो ।

**मा. शेखर कुमार सिंह**ले सुगौली सन्धि अनुसारको नेपालको भूभाग समेटी नक्सा सार्वजनिक गर्नुपर्ने माग गर्नुहुँदै वर्षात् लागेकोले कोशी ब्यारेज व्यवस्थापन सम्बन्धमा समयमा नै सचेत हुन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. शेर बहादुर कुँवर**ले असल छिमेकीको नाता कायम राख्नुपर्नेमा भारतले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको ख्याल नगरी सीमा मिच्नु आपत्तिजनक भएको जनाउनुभयो ।

**मा. ठगेन्द्र प्रकाश पुरी**ले नेपालको भूभागलाई भारतले बारम्बार कब्जा गर्न खोज्नु दुःखद भएकोले सोको समाधान कूटनीतिक माध्यमबाट गर्नुपर्ने जनाउनु हुँदै कोभिड-१९ को नियन्त्रणका लागि सरकारले निश्चित कार्ययोजना बनाई अगाडि बढ्नुपर्ने बताउनुभयो ।

**मा. महेश कुमार महरा**ले सीमामा रहेका नेपालीको नेपालमा सहज आगमनको लागि व्यवस्था गर्नुपर्ने माग गर्नुभयो ।

मा. **रामनारायण विडारीले** नेपाल आपत्-विपद्मा परेको समयमा भारतले नेपालको सीमा अतिक्रमण तथा नाकाबन्दी जस्ता कार्य गरेकोले सीमानामा तत्काल काँडेतार लगाउनुपर्ने माग गर्नुहुँदै कोरोना र भविष्यमा आइपर्न सक्ने महामारीको नियन्त्रण तथा व्यवस्थापनका लागि छाता कानून बनाउनुपर्ने माग गर्नुभयो ।

**मा. मृगेन्द्र कुमार सिंह यादव**ले खेतीपाती गर्ने समय आएकोले कृषि कार्यका लागि आवश्यक सामग्रीको व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो ।

**मा. जीवन बुढा**ले ऐतिहासिक दस्तावेज, प्रमाण र अभिलेखका आधारमा पूर्व ताप्लेजुङदेखि पश्चिम दार्चुलासम्मको सीमाको सत्यतथ्य पत्ता लगाउन संसदीय समितिको गठन गर्नुपर्ने माग गर्नुहुँदै सीमामा भूमिहीन व्यक्तिहरूको व्यवस्थित वस्ती विकास गरी भारतीय कदमको विरोध गर्नुपर्ने जनाउनुभयो ।

**मा. सुमित्रा बिसी**ले वैदेशिक रोजगारीमा गएका मानिसहरूलाई आवश्यक परीक्षण गरी नेपाल भित्र्याउने व्यवस्था गर्नुपर्ने माग गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **विशेष समय**मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु हुँदै राष्ट्रिय सभाका सचिव राजेन्द्र फुयाललाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"बीउ बिजन (दोस्रो संशोधन) विधेयक, २०७५"** र **"बिरूवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७५"** लाई सभा समक्ष टेबुल गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेशकुमार भट्टराईलाई **नेपाल हवाइ सेवा प्राधिकरण विधेयक**, **२०७६** र **नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक**, **२०७६** लाई "दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव पेश गर्न अनुमति दिनुहुँदै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय युवा तथा खेलकुद मन्त्री जगतबहादुर सुनार (विश्वकर्मा) लाई **"राष्ट्रिय खेलकुद विकास विधेयक**, **२०७५ माथि प्रतिनिधि सभाबाट भएको संशोधन उपर विचार गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "राष्ट्रिय खेलकुद विकास विधेयक, २०७५ माथि प्रतिनिधि सभाबाट भएको संशोधन उपर विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ भएको र उक्त क्रममा विधेयक उपर प्रतिनिधि सभाबाट भएको संशोधन र सोसँग सम्बन्धित आनुषंङ्गिक दफाहरुमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउनु हुँदै छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनु हुँदा कुनै पनि माननीय

सदस्यले भाग नलिनु भएपछि उक्त प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "राष्ट्रिय खेलकुद विकास विधेयक, २०७५ माथि प्रतिनिधि सभाबाट भएको संशोधन उपर विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीबाट सम्माननीय प्रधानमन्त्रीको सिफारिसमा नेपालको संविधानको धारा ९५ को उपधारा (२) बमोजिम २०७७ साल जेठ २ गते शुक्रबार अपराह्न ४:०० बजे संघीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्ने कार्यक्रम रहेको जानकारी गराउनु हुँदै राष्ट्रिय सभाका सम्पूर्ण माननीय सदस्यहरूलाई उक्त दिन दिनको ३:३० बजेभित्र नै प्रतिनिधि सभा बैठक कक्षमा प्रवेश गरी आ-आफ्नो आसन ग्रहण गरिसक्न जानकारी गराउनुभयो । साथै सम्माननीय अध्यक्षले उक्त दिन माननीय सदस्यहरूको लागि निर्धारण गरिएको औपचारिक पोशाकमा उपस्थित भइदिन समेत अनुरोध गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **२०७७ साल जेठ २ गते शुक्रबार अपराह्न ६:०० बजे** बस्ने गरी **दिनको १:०० बजे** बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

**(डा. भरतराज गौतम)**
**संघीय संसदको महासचिव**